नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालयका मन्त्री माननीय चक्रपाणि खनालज्यूबाट स्वीकृत (२०७५।०८।१२ गते स्वीकृत)

# उद्यमी किसान र बेरोजगार युवाका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका

## २०७५

## नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

सिंहदरवार, प्लाजा, काठमाडौं

# उद्यमी किसान र वेरोजगार युवाका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

## प्रस्तावना

राष्ट्रको सम्वृद्धि आधुनिक कृषि प्रणालीबाट सम्भव छ भन्ने कुरा मनन गर्दै, बैज्ञानिक एवं व्यावसायिक कृषि प्रणालीबाट रोजगारीको सिर्जना हुन सक्ने र बैदेशिक रोजगारीमा जान बाध्य भएका युवाहरु स्वदेशकै निर्माणमा समर्पित हुन सक्छन भन्ने सम्भावनालाई मध्यनजर गर्दै, उद्यमी किसान र बेरोजगार युवाहरुलाई बैज्ञानिक कृषि प्रबिधिबाट प्रशिक्षित गरी दक्ष बनाउनु पर्ने तथा उद्यमी किसानको मागलाई सम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी यो “उद्यमी किसान र बेरोजगार युवाका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५” तयार गरी जारी गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ यो निर्देशिकाको नाम “उद्यमी किसान र वेरोजगार युवाका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५” रहेको छ ।

१.२ यो निर्देशिका माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीबाट स्विकृत भएको मिति देखि लागू हुनेछ ।

१.३ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क) "उद्यमी किसान" भन्नाले व्यवसायिक कृषि गर्ने सबैलाई सम्झनु पर्दछ ।

ख) "किसान अतिथि गृह" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद अन्तरगतका कार्यालय परिसर भित्र तालिममा सहाभागी हुने किसानहरु वस्ने आवास गृह सम्झनु पर्दछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

ग) "अनुसन्धान केन्द्र" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् अन्तरगतका अनुसन्धान स्थल र कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) "परिषद्" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषद्लाई सम्झनु पर्दछ ।

ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकालाई सम्झनु पर्दछ ।

च) "आवासिय कृषि तालिम" भन्नाले कृषि अनुसन्धान केन्द्र भित्र उद्यमी, किसान र वेरोजगार युवाहरुलाई वस्ने व्यवस्था गरी कम्तिमा ७ देखि १५० दिन सम्म परिच्छेद ४ को ४.१ मा भएका कुनै विषयमा दिइने तालिमलाई सम्झनु पर्दछ ।

छ) "वेरोजगार युवा" भन्नाले १८ वर्ष उमेर पुरा भै ४५ वर्ष उमेर नपुगेका, रोजगार नभएका जुनसुकै व्यक्तिलाई सम्झनु पर्दछ ।

ज) "बाह्य अनुसन्धान महाशाखा" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको महाशाखा सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरु

२.१ निर्देशिकाको लक्ष्यः आवासीय तालिम कार्यक्रमको मुख्य लक्ष्य उद्यमी किसान, बेरोजगार युवाहरु र बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि प्रविधिको शिप सीकाई दक्ष बनाउने ।

२.२ निर्देशिकाको उद्देश्यः कार्यक्रमको मुख्य उद्देश्य कृषि अनुसन्धानबाट आएका उपयुक्त प्रविधिहरु प्रत्येक्ष्य रुपमा उद्यमी किसान र वेरोजगार युवाहरुलाई तालिम मार्फत हस्तान्तरण गरी दक्ष बनाउने ।

क) यस तालिमबाट उद्यमी किसान र वेरोजगार युवालाई परिवर्तन गरी व्यसायिक किसान बनाउने ।

ख) किसानको पहुँच अनुसन्धान स्थल र वैज्ञानिकसंग पुराउने ।

ग) निर्वाहमुखी कृषिलाई परिवर्तन गरी व्यावसायिक र नाफामुलक बनाउने ।

## परिच्छेद-३

## निर्देशिका कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था

३.१ आवासीय तालिम कार्यक्रम कार्यान्वयनका लागि देहायको संगठनात्मक संरचना रहनेछ ।

३.१.१ आवासीय तालिम कार्यक्रम कार्यान्वयन निर्देशन मूल समितिः-

यस निर्देशिकाको कार्यान्वयनको क्रममा नीतिगत व्यवस्था गर्न र विभिन्न केन्द्रीय निकाय बिच समन्वय गर्न र आवश्यक निर्देशन दिनको लागि केन्द्रीय तहमा देहाय बमोजिमको सात सदस्यीय आवासीय तालिम कार्यक्रम निर्देशन समिति रहनेछ :-

| | |
|---|---|
| क) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | अध्यक्ष |
| ख) प्रतिनिधि, राष्ट्रिय किसान आयोग | सदस्य |
| ग) प्रतिनिधि, उद्योग बाणिज्य महासंघ | सदस्य |
| घ) निर्देशक, योजना तथा समन्वय, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| ङ) निर्देशक, बाली तथा वागबानी अनुसन्धान | सदस्य |
| च) निदेशक, पशु तथा मत्स्य अनुसन्धान | सदस्य |
| छ) प्रतिनिधि, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य |
| ज) प्रमुख, बाह्य अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य सचिब |

३.१.२ प्रदेश स्तरीय कार्यक्रम समन्वय समितिः-

उद्यमी किसानका लागि आवासिय तालिम कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेशस्तरमा समन्वय गर्न प्रस्तावित परिषद् अन्तर्गत रहने कृषि अनुसन्धान निर्देशनालायका निर्देशक अध्यक्ष रहने गरी बढीमा ५ सदस्यीय प्रदेशस्तरिय कार्यक्रम समन्वय समिति रहनेछ ।

३. १. ३ कृषि अनुसन्धान फार्म/केन्द्र स्तरीय कार्यक्रम समन्वय समितिः-

परिषद् अन्तर्गतका फार्म/केन्द्र तहमा कार्यक्रमको समन्वय गर्नको लागि बढीमा ५ सदस्यीय कृषि अनुसन्धान फार्म/केन्द्र स्तरीय कार्यक्रम समन्वय समिति रहनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल कृषि अनुसन्धान परिषद् NARC कृषि अनुसन्धान भवन सिंहदरबार प्लाजा, रामशाहपथ काठमाडौं, नेपाल
कृषि तथा पशुपन्छी विकास मन्त्री
कार्यकारी निर्दे

३.१.४ कार्यक्रम सन्चालन तथा व्यबस्थापन :-

केन्द्रीय स्तरमा बाह्य अनुसन्धान महाशाखा, प्रदेश स्तरमा प्रस्तावित परिषद् अन्तर्गत रहने कृषि अनुसन्धान निर्देशनालाय र स्थानीय स्तरमा नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका अनुसन्धान केन्द्रहरुले उद्यमी किसानका लागि आवासिय तालिम सन्चालन तथा व्यबस्थापन गर्नेछन ।

## परिच्छेद-४

## आवासीय तालिमका विषय र लक्षीत वर्ग

४.१ आवासिय तालिमका विषयहरु:-

परिषद्ले आफै वा अन्य संस्थाहरुको सहयोगमा देहायका विषयहरुमा किसानका लागि आवासिय तालिम संचालन गर्नेछ ।

क) खाद्यन्न तथा नगदे वालीहरु
ख) फलफूल, तरकारी ,फूल र मसला वाली
ग) पशु पन्छी पालन
घ) पशु स्वास्थ्य
ङ) डेरी प्रबिधि
च) मिट प्रबिधि
छ) चरन र घाँसेवाली
ज) कृषि वन
झ) च्याउ उत्पादन
ञ) मौरी पालन
ट) माछा पालन
ठ) माटो र सिंचाई
ड) किट विज्ञान, वालीरोग विज्ञान
ढ) खेती प्रणाली
ण) दलहन/तेलहन

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

त) औद्योगिक बाली

थ) खाद्य विज्ञान, पोष्ट हार्वेस्ट

द) कृषि यान्त्रिकरण

ध) जैविक र प्रांगारिक प्रविधि

न) IPM प्रविधि

न) व्यावसायिक योजना, मूल्य सृखला, उद्यमसिलता विकास र बजार व्यवस्थापन

प) कृषि संग संवन्धित अन्य समसामयिक विषयहरु

४.२ यस तालिममा नेपालका सबै स्थानमा रहने उद्यमी किसान र वेरोजगार युवालाई लक्षीत गरिनेछ ।

परिच्छेद-५

आवासिय तालिम कार्यक्रम कार्यन्वयनको आधार तथा मापदण्डहरु

५.१ आवासिय तालिम कार्यक्रमले उद्यमी किसानलाई लक्षित गर्नेछ ।

५.२ फर्म दर्ता गरी व्यबसाय शुरु गरेका उद्यमीलाई प्राथमिकता दिईनेछ ।

५.३ कृषि सहकारी तथा कृषक समुहबाट सिफारिस भईआएका उद्यमी किसानलाई पनि प्राथमिकता दिईनेछ ।

५.४ तालिमको लागि स्विकृत कोटाको २५ प्रतिशत वेरोजगार युवाहरुलाई दिईनेछ ।

५.५ वेरोजगार युवाहरुले तालिमको लागि आवेदन दिन स्थानीय निकायको वडा अध्यक्ष/मेयर/उपमेयरबाट वेरोजगार युवा भनि सिफारिस गराउनु पर्नेछ ।

५.६ आवासिय तालिमको लागि आवेदन दिन शुल्क लाग्नेछैन ।

५.७ प्रशिक्षार्थीको छनौट अनुसूची -१ मा व्यबस्था भए अनुसार गरीनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

५.८ तालिमको लागि छनौट भएका किसानको नाम सम्बन्धित अनुसन्धान कार्यालयको सूचनापाटिमा टाँस गरिनेछ ।

५.९ तालिमको लागि छनौट भएका किसानहरुले तालिम भर्ना शुल्क केन्द्रियस्तरको आवासीय तालिमको लागि रु. ५००/- (पांच सय मात्र) र प्रदेश र स्थानीय स्तरको आवासीय तालिमको लागि रु. १००/- (एक सय मात्र) सम्वन्धित कृषि अनुसन्धान कार्यालयलाई बुझाउनु पर्नेछ ।

५.१० प्रशिक्षार्थीलाई खाना, खाजा, आतेजाते खर्च, आवास, एप्रोन, कपी, डटपेन र अन्य तालिमको लागि आवश्यक सामग्रीहरु सम्वन्धित कृषि अनुसन्धान कार्यालयहरुले उपलब्ध गराउनेछ ।

५.११ परिषद् र अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा हाल भएका अतिथि गृहमा पहिलो प्राथमिकता उद्यमी किसानलाई दिईनेछ ।

५.१२ अतिथि गृहको सुविधा लिनको लागि उद्यमी किसान भएको प्रमाण पेश गर्नु पर्नेछ ।

५.१३ अतिथि गृह नभएका अनुसन्धान केन्द्रहरुले अतिथि गृह निर्माण गर्न बजेट माग गर्नु पर्नेछ ।

५.१४ परिषद अन्तर्गतका महाशाखाहरु, प्रस्तावित कृषि अनुसन्धान निर्देशनालायहरु र कृषि अनुसन्धान केन्द्रहरुले आवासिय तालिम संचालनको लागि आवश्यक सहयोग अनिवार्य रुपमा गर्नुपर्नेछ ।

५.१५ परिषद् अन्तर्गत चल्ने परियोजनाहरुमा आवासिय तालिम कार्यक्रमको लागि बजेट विनियोजन गर्नुपर्नेछ । कृषि तथा पशु पन्छी विकास मन्त्रालय अन्तर्गत संचालन हुने विशेष परियोजनाहरुसंग पनि तालिम संचालनका लागि सहकार्य गरीनेछ ।

५.१६आवासिय तालिम कार्यक्रममा स्रोत व्यक्ति भएर सेवा गर्ने प्रशिक्षकले परिषदको नियमानुसार पारिश्रमिक पाउनेछन ।

५.१७ आवासिय तालिम कार्यक्रममा संयोजक भएर सेवा गर्ने कर्मचारीले परिषदको नियमानुसार पारिश्रमिक पाउनेछन ।

५.१८ तालिम सम्बन्धी अन्य खर्चहरु परिषद्को नियमानुसार हुनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल कृषि अनुसन्धान परिषद
नेपाल कृषि अनुसन्धान भवन
सिंहदरबार प्लाजा, रामशाहपथ
काठमाडौं, नेपाल

## परिच्छेद-६

## तालिम कार्यक्रम कार्यन्वयन प्रक्रिया

६.१ नेपाल कृषि अनुसन्धान परिषदले आवश्कता अनुसार आवासीय तालिमको लागि बजेटको व्यबस्था गर्ने, अनुगमन र मुल्यांकन गर्ने कार्य गर्नेछ ।

६.२ बाह्य अनुसन्धान महाशाखाले राष्ट्रिय स्तरको आवासीय तालिम कार्यक्रम बनाउने, समन्वय गर्ने, कार्यान्यन गर्ने र गराउने साथै गुणस्तर अनुगमन गर्नेछ ।

६.३ प्रस्तावित कृषि अनुसन्धान निर्देशनालायले प्रदेश स्तरको आवासीय तालिम कार्यक्रम बनाउने, समन्वय गर्ने, कार्यान्यन गर्ने र गराउने साथै अनुगमन गर्नेछ ।

६.४ कृषि अनुसन्धान केन्द्र, बाली बस्तु कार्यक्रमहरुले स्थानीय स्तरको आवासीय तालिम कार्यक्रम बनाउने र कार्यान्यन गर्नेछन ।

६.५ राष्ट्रिय स्तरको आवासीय तालिमको लागि राष्ट्रिय स्तरको दैनिक समाचारपत्र, प्रदेश स्तरको आवासीय तालिमको लागि प्रदेश स्तरको समाचारपत्र र स्थानीय स्तरको आवासीय तालिमको लागि स्थानीय स्तरको समाचारपत्रमा कम्तिमा १५ दिन म्याद रहेको सुचना प्रकाशन गर्नुपर्नेछ र परिच्छेद-५ मा दिईएका आवासिय तालिम कार्यक्रम कार्यन्वयनको आधार तथा मापदण्ड अनुसार सहभागीहरु छनौट गरी तालिम संचालन गर्नुपर्नेछ ।

## परिच्छेद-७

## विविध

७.१ नेपाल कृषि अनुसन्धान परिषदले मुल्यांकन गरी उत्कृष्ट तालिम संचालन गर्ने कार्यालयलाई सम्मान वा पुरस्कृत गर्नेछ ।

७.२ आवासीय तालिम कार्यक्रम संचालनमा उत्कृष्ट योगदान गर्ने कर्मचारीलाई पुरस्कृत गरीनेछ ।

७.३ आवासिय तालिम लिएर उत्कृष्ट कृषि उद्यम चलाउने किसानलाई पुरस्कृत गरीनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

नेपाल कृषि अनुसन्धान परिषद्
NARC
नेपाल कृषि अनुसन्धान भवन
कृषि अनुसन्धान भवन
सिंहदरबार प्लाजा, रामशाहपथ
काठमाडौं, नेपाल

७.४ पुरस्कारको लागि छनौट प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

७.५ तालिमको लागि छनौट भएका प्रशिक्षार्थिहरुले परिषद्को तालिम सम्बन्धी आचार संहिता अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

## परिच्छेद-८

## निर्देशिका संसोधन र व्याख्या

८.१ यस निर्देशिकालाई समय सापेक्ष संसोधन तथा परिमार्जन गर्नु परेमा परिषद् व्यवस्थापनको सिफारिसमा कृषि तथा पशुपन्छी विकास मन्त्रीबाट हुनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

कार्यकारी निर्देशक

अनुसूची-१

तालिममा सहभागिताका लागि छनौटका आधारहरु

| क्र स. | आवेदकको नाम | ठेगाना | लक्षित वर्ग | ब्यबसाय संचालनको अनुभव/अवधि | स्थानीय निकाय को सिफारिस | जम्मा |
|---|---|---|---|---|---|---|
| | | अंक भार | २० | ६० | २० | १०० |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

कार्यकारी निर्देशक

कृषि तथा पशुपन्छी विकास मन्त्री